मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

☞ अपाङ्गता भएका व्यक्तिलाई सामाजिक सुरक्षा प्रदान गरौं।
☞ अपाङ्गता भएका व्यक्तिलाई स्वास्थ्य तथा शिक्षाको अवसर उपलब्ध गराऔं।
☞ अपाङ्गता भएका व्यक्तिको सीप र क्षमता विकास गरी आर्थिक क्रियाकलापमा सहभागी बनाऔं।
☞ अपाङ्गता भएका उद्यमीको उत्पादनलाई एकिकृत बजारीकरण गरौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# बागमतीको सरकार ३६ दिनदेखि अपूर्ण

साझाकुरा संवाददाता

हेटौंडा, १६ वैशाख/ सत्ता समीकरणमा फेरबदल आएसँगै बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले देस्रो पटक विश्वासको मत लिएको ३६ दिन कटेको छ ।

निर्वाचनकै बेलाको गठबन्धन ब्युँतिएपछि १० चैतमा विश्वासको मत लिएर सरकारमै टिकिराखेका जम्कट्टेलले एक महिना बढी भइसक्दा पनि सरकारलाई पूर्णता दिन नसकेका हुन् । मन्त्रिपरिषद् अपूर्ण हुनुमा जम्कट्टेलको भन्दा पनि कांग्रेस मुख्य कारण बनेको छ । सरकारमा जाने मन्त्रीहरुको टुंगो कांग्रेसले लगाउन नसक्दा सरकारले पूर्णता पाउन नसकेको सरकारका प्रवक्तासमेत रहेका आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठले बताए । श्रेष्ठले कांग्रेसले मन्त्रीहरुको नाम दिएको एक घण्टामा मन्त्रिपरिषद् विस्तार गर्न तयार रहेको जानकारी दिए ।

'सरकार विस्तार हामीबाट रोकिएकै होइन । तपाईंहरुले बुझिर हनु भएकै छ । कांग्रेसले मन्त्रीहरुको नाम पठाएको १ घण्टामा हामी मन्त्रिपरिषद्मा लैजान्छौं', उनले भने । कांग्रेस बागमती प्रदेश संसदीय दलका नेतासमेत रहेका आर्थिक मामिला तथा योजनामन्त्री बहादुरसिंह लामा भने पत्रकारहरुसँग तर्किएर हिँडिरहेका छन् । प्रश्नको घेराबाट पन्छिँदै हिँडिरहेका लामाले फोन उठाएनन् । कांग्रेस बागमती प्रदेश संसदीय दलका उपनेता रामकृष्ण चित्रकारले सरकार विस्तारमा पार्टीको भूमिका बारे लामासँग कुरा गर्न आग्रह गरे ।



'मलाई केही थाहा छैन । पार्टीको कुरा लामा जीसँग सोध्नुहोला', चित्रकारले भने ।

कांग्रेसभित्र सरकारमा सहभागी हुने विषयलाई लिएर चर्को विवाद निम्तिएको छ । गठबन्धन दलबीच मन्त्रालय भागबण्डा लागेको भन्दा बढी कांग्रेसबाट मन्त्रीको आकांक्षी देखिएपछि लामाले विवाद समाधान गर्न नसकेको कांग्रेसका सांसद्हरुको आरोप छ । लामाले विवाद मिलाउन नसकेपछि सांसद् तीर्थ लामालाई लिएर सरकारमा सहभागी भएका थिए । हाल सरकारमा कांग्रेसबाट लामाद्वय मात्रै छन् । पार्टीभित्र आकांक्षीहरुको व्यवस्थापन गर्न नसकेपछि उनै लामा २६ चैतमा सरकारको अर्थमन्त्री बनिसके । उनले तीर्थ लामालाई पनि आफूसँगै खानेपानी, ऊर्जा र सिँचाइमन्त्री बनाएका हुन् ।

६ वटा मन्त्रालयमा गठबन्धनमा सहमति पनि हुन नसक्नु र पार्टीभित्रकै विवाद मिलाउन नसक्दा लामालाई चुनौती थपिएको छ । मुख्यमन्त्री जम्कट्टेल कांग्रेसलाई कुर्दै बसेका छन् । गठबन्धनको ठूलो दल कांग्रेसले ६ वटा मन्त्रालयमा अडान राख्दै आएको थियो । कांग्रेसको अडानमा मुख्यमन्त्री सकारात्मक नभएपछि भागबण्डा पनि टुंगिन सकेको छैन । भागबण्डा नटुगिँदा गठबन्धनकै नेकपा (एकीकृत समाजवादी) पनि सरकारमा गएको छैन । ११ सदस्यीय मन्त्रिपरिषद्मा ६ जना मात्रै मन्त्रीहरु छन् । जसमध्ये मुख्यमन्त्रीसहित चारवटा मन्त्रालय माओवादीका र दुईवटा मन्त्रालय नेपाली कांग्रेसले सम्हाल्दै आइरहेको छ । बाँकी पाँचवटा मन्त्रालयमा भागवण्डा नमिल्दा सरकार विस्तार अनिश्चित बन्दै गइरहेको हो ।

केन्द्रको राजनीतिक सत्ता गठबन्धनअनुसार बागमतीमा कांग्रेस, माओवादी र एकीकृत समाजवादी गरी तीन दलको नेतृत्वको सरकार छ । अघिल्लो गठबन्धनमा पनि राप्रपा, एमाले र माओवादी मिलेर सरकार बनाउँदा त्यति चुनौती खेप्न नपरेका मुख्यमन्त्रीलाई कांग्रेस नेतृत्वको गठबन्धनले भने सकसमा पारेको छ । गठबन्धन सरकारमा मन्त्रिपरिषद् विस्तार गर्न जोसुकै सरकार प्रमुखलाई पनि समस्या देखिने गर्छ । बागमतीका निवर्तमान मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डेले गठबन्धनमा भागवण्डा मिलाउन आठवटा मन्त्रालयलाई १४ वटासम्म बनाएका थिए । तर, जम्कट्टेलले ११ वटा मन्त्रालय बनाए ।

बागमतीमा हाल स्वास्थ्य मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, श्रम रोजगार तथा यातायात मन्त्रालय, वन तथा वातावरण मन्त्रालय र संस्कृति पर्यटन तथा सहकारी मन्त्रालय रिक्त छ । जसमा कांग्रेस र एकीकृत समाजवादीबाट मन्त्री नियुक्त हुनेछन् । बागमती प्रदेशसभामा कुल सातवटा दलको प्रतिनिधित्व छ । प्रदेशसभामा नेपाली कांग्रेसको ३७, एमालेको २७, माओवादीको २१, राप्रपाको १३, एकीकृत समाजवादीको ७, नेमकिपाको ३ र हाम्रो नेपाली पार्टीको २ मत छ ।

# घरजग्गा व्यवसायी संघमा मैनालीको नेतृत्व

साझाकुरा संवाददाता

हेटौंडा, १६ वैशाख/ हेटैडामा शनिबार भएको चौथो साधारण सभा तथा दोस्रो अधिवेशनबाट मकवानपुर घर जग्गा व्यवसायी संघले नयाँ नेतृत्व पाएको छ ।

संघको अध्यक्षमा कमल मैनाली सर्वसम्मत् चयन भएका हुन् । मैनाली, यसअघि संघको उपाध्यक्ष थिए । अधिवेशनले मैनालीको अध्यक्षतामा १३ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको हो । संघको उपाध्यक्षमा राजकुमार बानियाँ, भीमप्रसाद तिमल्सिना (पवन), युवाकर मैनाली, महासचिवमा शम्भु पुडासैनी, सचिवमा विजय गौतम, कोषाध्यक्षमा कृष्णप्रसाद चौलागाई, सहकोषाध्यक्षमा दीपेन्द्र यादव चयन भएको निर्वाचन अधिकृत ईश्वरराज ढकालले जानकारी दिए । संघको सदस्यहरुमा गणेश भ्लोन, गोपालकृष्ण नेपाल, राजकुमार बास्तोला, राजकुमार थिङ, शंकर राउत चयन भए ।



अध्यक्षमा सर्वसम्मत निर्वाचित भएपछि प्रतिक्रिया दिँदै मैनालीले जिल्लाभर छरिएर रहेका घरजग्गा व्यवसायीहरुलाई एकजुट बनाएर अगाडि बढ्ने बताए । उनले घरजग्गा व्यवसायलाई व्यवस्थित तथा व्यावसायिक अधिकार प्राप्तिका लागि सरोकारवाला निकायसँग निरन्तर समन्वय गर्ने विश्वास दिलाए । घर जग्गा व्यवसायले मुलुकको अर्थतन्त्रमा अर्थपूर्ण योगदान पुऱ्याएको भन्दै मैनालीले राज्यबाट संरक्षणको नीति अपनाउनु पर्नेमा जोड दिए । नयाँ कार्यसमितिलाई संघका निवर्तमान अध्यक्ष विष्णुप्रसाद घिमिरे तथा निर्वाचन प्रमुख ढकाललगायतले माला खादा लगाएर शुभकामना दिए ।

मकवानपुर घरजग्गा व्यवसायी संघको चौथो साधारणसभा तथा दोस्रो अधिवेशन बागमती प्रदेशको सामाजिक विकास मन्त्री कुमारी मोक्तानको प्रमुख आतिथ्यता तथा निवर्तमान अध्यक्ष विष्णुप्रसाद घिमिरे (ध्रुव)को सभाध्यक्षतामा भएको थियो । कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री लामाले घर जग्गा व्यवसायीहरुको नीतिगत समस्या समाधानका लागि पहल गर्ने प्रतिबद्धता जनाइन् । व्यवस्थित सहर निर्माणमा घर जग्गा व्यवसायीहरुको ठूलो भुमिका रहने बताउँदै मोक्तानले हरेक सहरमा व्यवस्थित आवास निर्माणले सिंगो सहरकै स्वरुप परिवर्तन हुने बताइन् । व्यवसायीहरुको नीतिगत समस्या समाधानका लागि बागमती सरकारको तर्फबाट आफूले सक्दो भूमिका खेल्ने बताइन् ।

कार्यक्रममा नेपाल जग्गा तथा आवास विकास महासंघका अध्यक्ष भेषराज लोहनी, जिल्ला समन्वय समिति मकवानपुरका अध्यक्ष ललितबहादुर घलान, राष्ट्रिय भूमि आयोग मकवानपुरका अध्यक्ष बिष्णुप्रसाद दाहाल, मकवानपुरका प्रहरी प्रमुख बामदेव गौतम, हेटौंडा उपमहानगरपालिकाको प्रवक्ता तथा १ नम्बर वडा अध्यक्ष सविन न्यौपाने, १४ नम्बर वडा अध्यक्ष दीपक खड्का, १६ नम्बर वडा अध्यक्ष रामकृष्ण कोइराला, उद्योग वाणिज्य संघका एसोसिएट उपाध्यक्ष उज्वल चौलागाईंलगायतको आतिथ्यता थियो ।

**कर्मचारी आवश्यकता**


यस मकवानपुर सहकारी अस्पतालभित्र रहेको सक्षम औषधी पसल र अग्रिम औषधी पसलका लागि निम्न अनुसारको कर्मचारी आवश्यकता परेको हुँदा सम्पर्क राख्नुहोला ।

D Pharma - २ जना
B Pharma - २ जना
तलबः आपसी समझदारीमा निर्धारण गरिनेछ ।

**सक्षम औषधी पसल/अग्रिम औषधी पसल**
**मकवानपुर सहकारी अस्पताल**
हेटौंडा-१, सम्पर्क नं.: ९८५५०७४९००, ९८४४१२७००९

**केदारनाथ सुनचाँदी पसल**

हेटौंडा-१०, बसपार्क रोड



यहाँ सुनचाँदीको गरगहना पाउनुको साथै अर्डर बमोजिम तयार पनि गरिन्छ र राशी अनुसारको पत्थर पाउनुको साथै सुनचाँदी खरिद बिक्री पनि गरिन्छ ।

प्रो. राहुल सुनार
मो.नं. ९८४५८३०८१७, ९८०४२०३२५५

**भर्ना खुल्यो ! भर्ना खुल्यो !**

नयाँ वर्ष २०८० सालको उपलक्ष्यमा विद्यार्थी, अभिभावक, शिक्षक तथा समस्त शुभचिन्तकहरुमा हार्दिक मंगलमय शुभकामना सहित

शैक्षिक सत्र २०८०का लागि कक्षा नर्सरी देखि कक्षा ९ सम्म भर्ना खुलेको सहर्स जानकारी गराउन चाहन्छौं ।

Entrance प्रवेश परीक्षा भइरहेको जानकारी गराउन चाहन्छौं ।

Tulasi Mehar Memorial Secondary School
Hetauda-10
Contact No.: 057-520737, 9855071876

**हार्दिक आभार**




मकवानपुर घरजग्गा व्यवसायी संघको शनिबार सम्पन्न दोस्रो अधिबेशनबाट मलाई अध्यक्षसहित पदाधिकारी र सदस्य पदमा सर्वसम्मत् रुपमा नयाँ कार्यसमिति चयनमा सहयोग गर्नुहुने सम्पूर्णमा हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्दछौं ।

कमल मैनाली (अध्यक्ष) एवम्
**मकवानपुर घरजग्गा व्यवसायी संघ**
परिवार

**घडेरीहरु बिक्रीमा**

जिल्ला : मकवानपुर
हेटौंडा उपमहानगरपालिका
वाड नं. १

मुकुन्द कार्की :
९८५१०८९६३४,
९८०१०९८८६९



साझाकुरा

## हाम्रो कुरा

# परिवर्तको अनुभूति खोई ?

लाखौं जनताको संघर्ष, त्याग, तपस्या र बलिदानीबाट मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भई संसदीय शासन प्रणालीको अभ्यास भइरहेको छ । मुलुकमा संघीय सरकारसँगै सात प्रदेश र ७ सय ५३ स्थानीय तह निर्माण भई तीन तहको संरचनामा सरकार संचालन भइरहेको छ । थोरै पछाडि फर्किएर हेरौं, २०६२/६३ को जनआन्दोलनले श्री ५ को सरकार ढलाएर नेपाल सरकार बनायो । राजतन्त्रलाई बिदा गरी गणतन्त्र ल्यायो । राजमार्गहरु लोकमार्गका रुपमा परिणत भए । विद्यालयहरुको नाम लोकतान्त्रिक बनाइयो । शाही सेना नेपाली सेना भयो । त्यसबाहेक मुलुकमा के त्यस्तो परिवर्तन भयो, जसका कारण नेपाली जनताले सुख शान्ति र समृद्धिको अनुभूति गर्न पाए । अडिएर सोच्ने बेला आएको छ ।

केन्द्रको अधिकार स्थानीय तहमा आएको दावी छ । 'घरघरमा सिंहदरबार' भन्ने नारा गाउँभरी गुञ्जिन्छन् । तर, परिवर्तित व्यवस्थाले पनि जनताको समस्याको सम्बोधन गर्न सकेको छैन । गाउँमा थुप्रै सिंहहरु आएका छन् तर, दरबार आएको प्रत्याभूति जनतालाई छैन । सत्तामा पुगेकाहरु शक्ति संघर्षमा नै रुमलिने गरेका छन् । दूरदराजका जनताले नुन खान पाउने अवस्था छैन । जनमत प्राप्त गरेको नेतृत्व नै बिलाशितामा भुलिएको छ । 'जनता जनार्दन' भन्ने नेतृत्व सत्तास्वार्थका कारण धर्मराउने गरेको छ । आफैँलाई सर्वोपरी मानेर 'मै खाऊँ, मै लाऊँ शुखसयल वा मोजमजा मै गरौँ' भने जस्तै नेतृत्वमा लुच्छाचुँडीको प्रवृत्ति हावी छ । नेपालमा वर्तमान समयमा कम्युनिष्ट धारका नेकपा एमाले र नेकपा माओवादी केन्द्र प्रमुख शक्तिको रुपमा छन् । त्यस्तै प्रजातान्त्रिक धारका नेपाली कांग्रेस र राष्ट्रिय प्रजातन्त्र पार्टीले सदिऔंदेखि नेपाली जनतामाथि शासन गर्दै आएका छन् । अन्य, स-साना दलहरुलाई यीनै कम्युनिष्ट र प्रजातान्त्रिक धारका दलहरुले पदको लोभ देखाएर शक्ति सन्तुलनको लागि प्रयोग गर्दै आएका छन् । केही राजनीतिक दलहरु भौगोलिक राजनीतिमा मात्रै सीमित छन् । कोरोना महामारीको विषयमा नजरअन्दाज र लापरवाहीका कारण आज संसारका सबै देशमा आर्थिक संकटको चपेटामा परेका छन् । अधिकाँश उद्योगधन्दा, कलकारखाना कतिबेला बन्द हुने छन् त्यसको कुनै ठेगान छैन । ब्यापार व्यवसाय ठप्प छ ।

दैनिक मजदुरी गरेर जीवन निर्वाह गर्ने जनताको लागि कोभिड-१९ महामारी र त्यसपछिका आर्थिक मन्दी साँच्चै पीडादायी बनेको छ । महामारीमा जनताप्रति उत्तरदायी हुनुपर्ने सरकार भ्रष्टाचार र सत्तास्वार्थमा लिप्त भयो । महामारीको रोकथाम र नियन्त्रणमा राज्यको ठूलो लगानी, पर्याप्त स्वास्थ्य उपकरण, कुशल व्यवस्थापनसँगै जनता स्वयम् सचेत हुनु जरुरी थियो । यतिबेला आर्थिक संकटले तीन तहका सरकारले बनाउने तयारी गरेको नीति तथा कार्यक्रम प्रभावित बन्दै छ । प्रदेश सरकारले मन्त्रालयहरुलाई सिलिङ घटाएर बजेट बनाउन पत्राचार गरिरहेका छ । प्रदेश सरकारको आयस्रोत नै २२ प्रतिशतसम्म खुम्चने अनुमान लगाइएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० चैत १८ गते सोमबार १ मे २०२३ । एकादशी, वैशाख शुक्लपक्ष । बच्छलाथ्व ११४३ ने.सं. । सूर्योदय ५:२७, सूर्यास्त ६:३७ । मोहिनी एकादशी व्रत । मजदूर दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : सहयोगीको राम्रो साथ पाइनेछ | **तुला** | : प्रतिस्पर्धाबाट फाइदा मिल्नेछ |
| **वृष** | : रोकिएका काम बन्ने योग छ | **वृश्चिक** | : समय उत्साहवर्द्धक छ |
| **मिथुन** | : लगानीको अवसर जुट्नेछ | **धनु** | : आम्दानी बढ्नेछ |
| **कर्कट** | : यात्रा अघि बढ्न सक्नेछ | **मकर** | : पितृधन लाभ हुनेछ |
| **सिंह** | : वैदेशिक क्षेत्रबाट लाभ पाइनेछ | **कुम्भ** | : नयाँ ज्ञान प्राप्त हुनेछ |
| **कन्या** | : छिमेकमा असमझदारी बढ्नेछ | **मीन** | : कृषिमा हानि हुनेछ |

# वैधानिकताको संकटमा नेतृत्व



झलक सुवेदी

केही सातायताका घटनाहरू नियाल्दा नेपालको संवैधानिक या राजनीतिक प्रणाली र यसका मुख्य सञ्चालक राजनीतिक दलहरू, तिनको नेतृत्व गर्ने समूह र राज्यका अंगहरूले शासन गर्ने वैधता गुमाउँदै गएको जस्ता संकेतहरू देखा परेका छन् । आजको नेपाली शासन व्यवस्थाले वैधानिकता गुमाउँदै गएको संकेत गर्दै लेख्छन्, 'शासन नेतृत्वविहीन र गतिशून्य छ ।

सरकार ठूलाबडा र नेताका आसेपासेको सुविधाको घेरामा छ । आम मानिसका लागि यसको कुनै अर्थ छैन । विकास भनेको ठेक्कापट्टाको धन्दामा सीमित छ । राज्यका अंगहरू बेकामे छन्, भएका पनि लडखडाउने र लडबडाउने खालका छन् ।' आम मानिसका लागि कुनै अर्थ नभएको, राज्यका अंगहरू बेकामे भएको र शासन नेतृत्वविहीन र गतिशून्य भएको भन्नुको अर्थ वर्तमान सरकार र राज्यका अंगहरूले शासकीय वैधता गुमाए भन्ने नै लाग्छ ।

सात वर्षअघि मात्र जारी भएको संविधान र आन्दोलनबाट आएका र पटकपटक जनताबाट स्वीकृति लिएर विधिवत् सत्तासीन भएका नेतृत्वहरूले वैधानिकता गुमाउनु सामान्य हैन । उनीहरूको नीतिहीनता र सत्तावरपरको भुनभुनाहटले आम जनतामा जस्तो निराशा र आक्रोश उत्पन्न गरेको छ, त्यसलाई गएको स्थानीय निर्वाचन, मंसिरको आम निर्वाचन र यस पटकको उपनिर्वाचनमार्फत जनताले अभिव्यक्त गरेका छन् । वैधता केवल वैधानिक बाटो र विधिले मात्र तय गरिने प्राविधिक विषय हैन, आम मानिसको विश्वास गुमाएपछि यस्ता विधि र वैधानिकताकै विकल्प खोज्ने अवस्था आउँछ । यस साताका केही घटना र सूचनाले पनि अहिलेको संसदीय गणितका हिसाबले मुख्य राजनीतिक शक्तिहरूको अवस्था टीठलाग्दो रहेको देखाउँछन् ।

गत साता पोखराबाट काठमाडौं आउँदै गर्दा मुग्लिनमा त्रिशूली नदीको पश्चिम किनार माथि रहेको एउटा होटलमा खाना खान बसिएको थियो । त्रिशूली पूर्व र पश्चिमका महाभारत पर्वत शृंखलामा बाक्लो तुवाँलो बसेको थियो र वरपरका दृश्यहरू धमिला थिए । पूर्वी भाग चितवनको निर्वाचन क्षेत्र नम्बर २ पर्छ भने पश्चिमतिर तनहुँको निर्वाचन क्षेत्र नम्बर १ । दुवैतिर उपनिर्वाचन हुँदै थियो । होटलकी साहुनी राजनीति-सचेत भेटिइन् । उनको व्यापार तनहुँमा र मतदाता नामावली पारि पट्टि चितवनमा रहेछ । पहिले नेपाली कांग्रेसकी सक्रिय कार्यकर्ता रहेकी उनले यसपालि घण्टीमा मत दिने निर्णय गरेको सुनाइन् । किन दिने त घण्टीमा मत ? उनको प्रतिप्रश्न थियो, 'अहिलेका ठूला दलहरूलाई चाहिँ किन दिने ? पहिले हामी सानै हुँदा त्रिशूलीको बगरमा काँस फुलेपछि काट्न जान्थ्यौं । प्रतिकिलो एक रुपैयाँमा बगरमै आएर कागज कारखानाको ट्रकले लैजान्थ्यो । हामीलाई पनि सानोतिनो आम्दानी हुने, खेर जाने स्रोतको प्रयोग पनि हुने । उता कारखानामा काम गर्नेले जागिर पाउने । अहिले त यी नेताहरूले कारखाना बेचेर सके । रोजगारीको अवसर खोसियो, बगरको काँसको उपयोग पनि भएन । हाम्रा सन्तान काम खोज्न अरब जानुपर्छ । यसैले पनि हामी त यस पालि पुराना दलहरूलाई नदिने ।' उनको भनाइमा नेपालको पछिल्लो अर्थराजनीतिक अवस्थाको चित्र प्रस्ट खुल्थ्यो । रवि लामिछाने र स्वर्णिम वाग्ले दुईतिर उम्मेदवार थिए । उनीहरूप्रति उनमा भरोसा जागेको बुझ्न सकिन्थ्यो ।

त्यहीँ कुरा गर्दै जाँदा थाहा भयो– गगन थापा र विश्वप्रकाश शर्माले यसै निर्वाचनबाट आफ्नो क्रेज या आकर्षण गुमाएका रहेछन् (एमाले र माओवादीका कोही पनि नेता गणना गर्न योग्य हुने गरी ग्राउन्डमा उपस्थित नै थिएनन्) । गगनको भाषणले उल्टो प्रतिक्रिया पाएको र उनीप्रति थप आक्रोश थपेको भेटियो । त्यसपछि धेरै मानिसले अझै नपत्याएका र आफ्नो गलत ट्र्याक रेकर्डका कारण सहरको सम्भ्रान्त वर्गबीच बदनाम रवि लामिछाने र उनको दलका विपक्षमा देशको बहालवाला प्रधानमन्त्रीसहित पूर्वप्रधानमन्त्रीहरू दलबल लिएर भाषण गर्न जाँदा उल्टो गठबन्धनका उम्मेदवारलाई नै घाटा पुगेको प्रतिक्रियाहरू आए । आम मतदाता नागरिकको स्वतन्त्र विवेकलाई हेपेर, अपमानित गरेर 'तिमीहरू फलानालाई मत देऊ, हामी मन्त्री बनाइदिन्छौं' भन्दै हिँडेपछि त्यसको प्रतिक्रिया नकारात्मक आउनु स्वाभाविक थियो । स्वयं कांग्रेसी मतदाताहरूलाई पनि यसले भतभती पोलेर भड्काएको हुन सक्छ ।

त्यही सेरोफेरोमा शेरबहादुर देउवा र केपी शर्मा ओलीबीच तनहुँ र चितवनमा एकअर्कालाई सहयोग गर्ने गरी काठमाडौंमा सहमति भयो । त्यस्तो गठबन्धन माओवादी, जसपा, लोसपा, एससमेत सामेल भएपछि महागठबन्धन हुन जान्थ्यो । प्रत्युत्पादक हुने देखेर यो निर्णय कार्यान्वयनमा लगिएन । यसरी बारा-२ मा जनमत पार्टी र तनहुँ तथा चितवनमा रास्वपाले सबै स्थापित नेता, दल र गठबन्धनहरूलाई हावाकावा खेलाएका र उनीहरूले निर्वाचनपहिले नै हार स्वीकार गरिसकेका दृश्यले वर्तमान सत्ता (सरकार र संसद् दुवै) ले विश्वसनीयता र वैधानिकता गुमाइसकेको पुष्टि गर्छन् ।

यही साता हो राष्ट्रपति रामचन्द्र पौडेललाई यतै सम्भव हुँदाहुँदै उपचार गर्न दिल्ली लगिएको र राज्यको करोडजति खर्च गरिएको । साधारण जनताले सिटामोल पाउन मुस्किल पर्ने देशको प्रमुख अभिभावक पायो भने चुर्ना परेको ओखती गर्न पनि दिल्ली जान्छ भन्ने सुन्दा आम मानिसमा के सन्देश जान्छ ? ३० वर्ष सरकार चलाएका व्यक्तिहरू आफ्नो सामान्य रोगको उपचार गर्ने सुविधा नेपालमै तयार पार्न किन असफल भए भन्ने प्रश्नले पनि आम मानिसलाई सत्ताधारीहरूका अनेक अनुहारबाट टाढा पुर्‍याइरहेको छ ।

यता संसद्मा प्रमुख प्रतिपक्षी दलले गत साता संवैधानिक व्यवस्था र स्वीकृत परम्पराविपरीत संसदीय समितिहरूमा भाग खोजेको, संवैधानिक परिषद्बाट प्रधान न्यायाधीश नियुक्ति गर्न भएको प्रयासमा बाधा हाल्दै गण्डकीमा आफ्नो मुख्यमन्त्री हुनुपर्ने दाबी गरेका समाचारहरू बाहिरिए । यसरी प्रतिपक्षी भूमिका छाडेर सत्तामा हिस्सेदारी खोजिरहेको नेकपा एमाले र सत्ताधारी गठबन्धनले निर्वाचनपछि देशका पाँच महिना सत्तालिप्सामा खेर फालिरहेको दृश्य पनि उपनिर्वाचनको ठिक्क अघि मञ्चित भएको थियो ।

गठबन्धनहरू बन्ने-भत्किने, जसले जोसँग पनि अल्पकालीन स्वार्थका लागि साँठगाँठ गर्ने मर्यादाहीन बाटामा लागेको घृणास्पद दृश्यहरू मञ्चन भएका छन् । एमाले अध्यक्ष ओली संवैधानिक परिषद्मा रहेको आफ्नो उपस्थिति र सभामुख पनि आफ्नो भएको प्राविधिक पक्षको राजनीतिक मुनाफा हात पार्न लागिपरिरहेका छन् । प्रचण्ड र देउवालाई हायलकायल पारेर वर्तमान गठबन्धनलाई असफल बनाउने, नसके पनि सरकारबाहिर बसेर सत्ताको सुखभोग गर्ने उनको ध्येय देखिन्छ । । यो सत्तालिप्साको भयानक रोगकै कारण अघिल्लो संसद्को बेहाल भयो । बहुमत ल्याएको वामपन्थी सरकारको पतन भयो र नेकपा विभाजित भयो ।

पोखराको चिप्लेढुंगाजस्तो मुख्य व्यापारिक केन्द्रमा प्रशस्त सटर र घरहरू खाली रहेका सूचना बसबाटै देखिन्थे । रेस्टुरेन्ट र खाजापसलहरूमा ग्राहकहरूको उपस्थिति घटेको र व्यापारीहरू या त पसल छाडेका या भाडा तिर्न नसकेर सुधार आउने दिन पर्खेर बसेका भेटिन्थे । काठमाडौंमा आर्थिक मन्दीको मारले ठूलासाना सबै खाले व्यापार-व्यवसाय र परिवारको दैनिकीमा पर्न थालेको असर ठमेलदेखि काँठहरूसम्म अनुभव गर्न सकिन्छ । यस्तो अवस्थामा राजनीतिक सम्भ्रान्तहरूले देखाएका सत्तालिप्सा र राज्यस्रोत दोहनका लागि देखाउने छिनाझपटीका दृश्यले साधारण नागरिकमा उत्पन्न निराशा र आक्रोश चितवन र तनहुँ तथा बारामा जनमतमार्फत व्यक्त भएको छ । उपेन्द्र यादवले निर्वाचन त जितेका छन् तर नैतिक रूपमा पराजित भएका छन् । रवि र स्वर्णिमले ल्याएको मतले सबै स्थापित दलहरूको अस्तित्वमा भुइँचालो गएको छ ।

आम जनता संसद्मा आएर हस्तक्षेप गर्न नसक्लान् तर निर्वाचनमार्फत उनीहरू नेता र दललाई गच्छे अनुसार दण्ड र पुरस्कार दिन्छन् । सबै ठूला दलका नेताहरूले जनतालाई तिरस्कार गरेर आफ्ना दल, इतिहास, विचार र देशलाई धोका दिइरहेका छन् । यसबाट २०४७ र २०६३ पछि देशले हासिल गरेका आर्थिक वृद्धि, पूर्वाधारका क्षेत्रमा भएका उल्लेख्य प्रगति, संघीयता, समावेशी र समानुपातिक प्रतिनिधित्व, स्रोत र अधिकार सम्पन्न स्थानीय सरकार जस्ता उपलब्धिहरूसमेत ओझेलमा पर्न गएका छन् । बरु त्यस्ता उपलब्धिलाई निषेध गर्न चाहने प्रतिगामी विचारले शक्ति आर्जन गर्दै गएको छ । उपनिर्वाचनमा व्यक्त जनमतले जनतामा रहेको निराशा र आक्रोशको तारो को बनिरहेको छ, कसरी स्थापित राजनीतिक सम्भ्रान्तहरूका विकल्पमा विचार र उत्तर दायित्वविहीन व्यक्तिका स्टन्टबाजीलाई विश्वास गर्न लगाइरहेको छ भन्ने देखाउँछ । पपुलिजम तर्कातीत हुन्छ, शास्त्रसम्मत या परम्परासम्मत हुँदैन । स्थापित शक्तिहरूको पतनले निम्त्याउने यस्तै अवस्था हो ।

सरकारको वैधानिकताको आधार जनताको विश्वास हो । जब जनताले विश्वास गर्न छाड्छन्, त्यसपछि अहिलेको गठबन्धन रहे पनि अर्को गठबन्धन बनेर सरकार चलाए पनि त्यसको वैधानिकता रहन्न । स्थापित संस्था र नेतृत्वको विश्वसनीयतामा प्रश्न उठेको छ । मन्त्रिपरिषद्प्रति, दलहरूका नेतृत्वप्रति, संसद्प्रति, अदालतप्रति, विश्वविद्यालयप्रति, प्राज्ञिक संस्थाहरूप्रति, वित्तीय प्रणालीप्रति, सरकारले गर्ने निर्णय र निर्देशनप्रति अविश्वास छताछुल्ल छ । २०४७ पछिको व्यवस्थाको नेतृत्व गर्ने समूहप्रति २०५८ सम्म पुग्दा यस्तै संकट देखा परेको थियो । ज्ञानेन्द्र शाह बीचमा आएर जनताले निर्णय गर्न पाउने अधिकार खोसेपछि फेरि एक पटक दलहरूका नेतृत्वले क्षमा पाएका थिए । तर २०६३ पछि पुराना र नयाँ राजनीतिक दलहरूले समेत उही बाटो अख्तियार गरे ।

यी १७ वर्षमा फेरि एक पटक नेतृत्वहरूले विश्वास गुमाएका छन् । लोकतन्त्र बलियो भएको ठाउँमा, कमसेकम राजनीतिक दलहरू र नेतृत्वबाहेक पनि अन्य संस्था छन् जसले लोकतन्त्रलाई हार्न दिन्नन् भन्ने आशा गर्न सकिन्छह यहाँ अवस्था खराब किन छ भने कुनै पनि संस्था विश्वसनीय छैन । यस्तोमा जनताले कोही नायकको खोजी गर्छन् । त्यसमाथि उत्तर-सत्यको समय छ जहाँ परम्परागत राजनीतिक शब्दहरूले अर्थ गुमाएका छन् । लोकतन्त्र, सरकार, संसद्, विकास, सेवाप्रवाह अर्थात् डेलिभरी, न्याय, स्वतन्त्र प्रेस, आर्थिक वृद्धिजस्ता शब्दहरू बदनाम भएका छन् ।

मंसिरपछि फेरि एक पटक जनताले प्रस्ट अभिमत दिएका छन्– स्थापित संस्थापन पक्ष अर्थात् राजनीतिक सम्भ्रान्तहरूको समय सकिएको छ । कमसेकम कांग्रेस, एमाले, माओवादी, जसपा र एसका मुख्य नेताहरूले अब या त आफ्ना दलमा नयाँ नेतृत्वदायी समूह निर्माण गरेर आफ्ना संस्थाहरूलाई पुनर्ताजगीकरण गर्नुपर्छ या इतिहासका लागि बाटो छाड्नुपर्छ । अहिलेको अविश्वास र वैधानिकताको संकटले लोकतन्त्र खतरामा नपरोस् भन्ने हो भने दलहरूले आफूलाई बदल्नैपर्छ । क्षणिक लोकप्रियतावादको पछि लाग्नेहरूबाट देश र लोकतन्त्रलाई थप खती नै हुने हो ।

अहिले जेजस्तो आर्थिक-सामाजिक संकट देखिँदै छ, त्यो हेर्दा आउँदा दिनहरूमा दलहरूले शासन गर्ने शैली बदलेनन् र सेवाप्रवाह मार्फत जनतामा विश्वास जगाएनन् भने छिटै वर्तमान संसद्ले शासकीय क्षमता र वैधानिकता गुमाउने अनि राजनीतिक अस्थिरता या अराजकतातिर जान सक्ने जोखिम छ । देउवा, ओली या प्रचण्डहरूप्रति जनताको विश्वास सकिएको सन्देश निर्वाचनमा उनीहरूकै दलका कार्यकर्ताले अर्को दलका उम्मेदवारलाई मत दिएर दिएका छन् । यी दल बच्नु र बचाउनुपर्ने त दोस्रो या तेस्रो तहका नेताहरूले आफ्ना लागि हो, तर त्यो पुस्ताले पनि तीव्र रूपमा विश्वसनीयता गुमाएको छ । अहिलेको निराशाको अर्को महत्त्वपूर्ण कारक यही हो ।

*(साभार: ई-कान्तिपुर)*

# परम्परागत दलहरू सुध्रिने भनेको के हो ?

सुदर्शन आचार्य

मंसिर १० मा सम्पन्न निर्वाचनसम्म भित्र स-साना अन्तरविरोध बाहेक दलहरू ठिकठाक नै थिए । तर, पूर्व संचारकर्मी रवि लामिछानेले 'दोहोरो नागरिकता'को केसमा परेर सांसद पद गुमाए । यससँगै उनले प्रतिनिधित्व गरेको चितवन र राष्ट्रपति रामचन्द्र पौडेलको निर्वाचन क्षेत्र तनहुँमा भएको उपनिर्वाचनको परिणामले सत्तारुढ गठबन्धनभित्र तरंग पैदा हुनपुग्यो । त्यसमा पनि खासगरी नेपाली कांग्रेस र माओवादी केन्द्रभित्र एकातिर चरम अविश्वास सिर्जना भएको छ र अर्कातिर यी दलभित्र हैकमवादी प्रवृत्ति मौलाउँदै गएको सन्देश बलियो गरी प्रवाहित हुन पुगेको छ । रवि लामिछानेको मतभार मात्रै घटेको भए पनि मूलधारका भनिएका कांग्रेस, एमाले, माओवादी जस्ता दलका लागि 'लाज ढाक्ने' बहाना हुन्थ्यो ।

उक्त क्षेत्रमा यस पटक मतदान चाहिं कम हुनु तर लामिछानेको मतभार चाहिं बढ्नुले मूलधारका भनिएका दलका नेता तथा कार्यकर्ता नाजवाफ बन्न पुगेका छन् । मूलधारका भनिएका दलहरू कहाँ-कहाँ चुके र आफू सच्चिएको सन्देश कसरी दिन सकिन्छ भन्ने निर्मम समीक्षा सहितको योजना बेगर अब सामान्य 'टालटुल' परम्परागत दलका लागि 'फलामको चिउरा' हुने देखिन्छ ।

उपनिर्वाचनसम्म आइपुग्दा परम्परागत दलहरू कहाँ चुके भन्ने लामो फेहरिस्त प्रस्तुत गर्न सकिन्छ । मूलत: उनीहरू राजनीतिक स्थिरता, सुशासन र समृद्धिका विषयमा चुकेकै हुन् । सोही कारण विचार, सिद्धान्त र लक्ष्य नै भेट्टाउन मुस्किल राष्ट्रिय स्वतन्त्र पार्टी जन्मिएको ६ महिनामा नै २० सिटको हाराहारी तथा समयको गतिलाई उल्टो हिंडाउन उद्यत राष्ट्रिय प्रजातन्त्र पार्टी समेतले उल्लेख्य सिट हासिल गरिसक्दा समेत कांग्रेस, एमाले, माओवादी जस्ता दलले उनीहरूलाई बेवास्ता गरी नै रहे !

एकातिर कांग्रेस र अर्कातिर एमाले नेतृत्वमा जनचाहना मात्र नभई कार्यकर्ताको पनि चाहना बेगर गठबन्धन नामक दुईवटा मोर्चा खडा गरेर 'जबर्जस्त' एकअर्कालाई भोट हाल्न लगाइयो । सरकार निर्माणमा पनि 'विद्रुप रूप' देखा पर्‍यो । बालकोट पुगेर प्रधानमन्त्री पद लिएलगत्तै बूढानीलकण्ठ पुगेर सत्ता टिकाउन 'बोहराटार'लाई राष्ट्रपति बनाउन प्रचण्ड तयार भए । अघिल्लो साल निर्माण भएको प्रचण्ड नेतृत्वको सरकारले आजसम्म पनि पूर्णता पाउन सकेन । उपनिर्वाचनको मुखैमा मेडिकल व्यापारी र स्वतन्त्र पार्टीका सांसद ढाकाकुमार श्रेष्ठको अडियो रेकर्ड सार्वजनिक भएलगत्तै ढाकाकुमारलाई सांसद पदबाट हटाउने निर्णयले 'सुशासन'का सन्दर्भमा स्वतन्त्र पार्टी अन्य दलको तुलनामा ठिक रहेछ भन्ने सन्देश प्रवाहित बन्न पुगेको छ ।

सँगै जोडिएर चर्चामा रहेको सेक्युरिटी प्रेस खरिद प्रकरण र माओवादी केन्द्रका नेता कृष्णबहादुर महराको अडियो प्रकरणमा एमाले र माओवादी केन्द्रको मौनताले यी दल सुशासनका पक्षधर होइनन् भन्ने सन्देश समेत जनतामा गई नै रह्यो । त्यसको 'ड्यामेज कन्ट्रोल'मा एमाले माओवादीले हेक्का पुर्‍याउनै सकेनन् ।

पुरानो र ठूला भनिएका दलहरूको ओरालो यात्राको शृंखला यहीं रोकिने संकेत देखिन्न । किनकि, स-सानो टालटुलले दलहरू अब टिक्न सम्भव नै छैन । अर्कातिर ठूलै 'रिफर्म' गरेर दलहरू जनतामा जाने सम्भावना पनि न्यून छ । दलहरूमध्ये पनि हालै सम्पन्न उपनिर्वाचनमा गम्भीर धक्का भने कांग्रेस माथि पर्न पुग्यो । कांग्रेसले यसरी धक्का व्यहोर्नुका पछाडि मूलभूत रूपमा पाँचवटा मुख्य कारण रहेका छन् ।

जसमध्ये पहिलोह कांग्रेस सभापति शेर बहादुर देउवाले सुशासनका सन्दर्भमा आफूलाई कहाँनेर उभ्याएका छन् ? हिजो निर्वाचनमा गठबन्धन किन गरियो ? निर्वाचनमा उम्मेदवार चयनको मापदण्ड केलाई बनाइयो ? र, संसदीय दलको निर्वाचनमा दलको नेताका रूपमा देउवालाई किन र कसरी चयन गरियो ? आदि विषयको समीक्षाले मात्र आगामी दिनमा कांग्रेस तंग्रिन सक्छ ।

दोस्रो पटक कांग्रेस पार्टीको सभापतिमा देउवा चयन भएयता उनी केन्द्रीय समितिमा बहुमत भएकै कारण उनी 'बेलगामको घोडा' बन्न पुगे । आफ्नै परिवारका सदस्यदेखि जनताबाट कहिल्यै अनुमोदन हुन नसकेका 'बासी अनुहार'लाई समानुपातिकबाट सांसद मात्र नभई महत्वपूर्ण मन्त्रालय समेत सुम्पन पुग्नुले जनतामा कांग्रेसप्रति सकारात्मक सन्देश जान सक्ने कुरै थिएन ।

तेस्रो विषय गठबन्धनको थियो । आफ्नै पार्टीका महामन्त्री गगनकुमार थापाले पार्टीको केन्द्रीय समितिमै सरकार निर्माणमा सिट नपुगे गठबन्धन गराउँला निर्वाचनमै गठबन्धन गरेर आफ्ना पार्टीका कार्यकर्ता तथा परम्परागत रूपमा रूखमा मतदान गर्दै आएका मतदातालाई अर्को पार्टीमा मत हाल्न नलगाऔं भनेकै हुन् । तर, एकल रूपमा जनतामा जानबाट अत्तालिएका देउवा र माओवादी अध्यक्ष पुष्पकमल दाहालसँगै एमाले टुक्रिएर निर्माण भएको नेकपा समाजवादीका अध्यक्ष माधवकुमार नेपाल जसरी पनि 'भोट जोडजाड' गरेर संसदमा पुग्न चाहन्थे ।

आखिर, गठबन्धनका कारण उनीहरू संसदमा त पुगे तर, हिजोको गठबन्धनका कारण सिर्जित परम्परागत दलप्रतिको 'वितृष्णाको भूत'ले भने दलहरूलाई लामो समय पछ्याउने निश्चित नै छ । चौथो विषय कांग्रेसको हकमा उम्मेदवार चयनको पनि थियो । डा.मिनेन्द्र रिजाल, अमरेशकुमार सिंहदेखि राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष स्वर्णिम वाग्लेसम्मलाई टिकट दिने कुरामा देउवा तयार भएनन् । अयोग्य भएकै कारण टिकट नदिएको तर्क अगाडि सार्ने हो भने पनि वाग्लेले स्वतन्त्र पार्टीमा प्रवेश गरेको दुई हप्तामा नै राष्ट्रपति पौडेलको आँगनमा र अमरेशकुमार सिंहले स्वतन्त्र उठेरै निर्वाचन जितेर जनताकै बीच आफूहरूलाई अब्बल सावित गरिदिए । यसैबाट देउवाको कार्यक्षमतामा प्रश्न गर्ने ठाउँ बन्यो ।

पाँचौं विषय हो- कांग्रेस संसदीय दलको नेता चयन । कांग्रेस संसदीय दलको नेता चयनको विषय त आफैंमा उदेकलाग्दो विषय छ । देउवाबाट पार्टी चलेन, गुटका कारण पार्टी कमजोर भयो, देउवा सत्तामा रहँदा भ्रष्टाचार मौलायो, प्रजातन्त्र प्राप्तिमा योगदान नै नभएकाहरूको हालीमुहाली भयो, देउवाले जनताबाट अनुमोदित हुनै नसकेकाहरूलाई काखी च्यापिरहे आदि इत्यादि भनेर नथाक्ने कांग्रेस सांसद त्यो पनि डा. शेखर कोइराला गुटमा देखा परेकाहरूले समेत देउवालाई नै मतदान गरे !

त्यति मात्र नभई मतदान गरेको फोटो खिचेर देउवा दम्पतीलाई देखाउन पाउनुपर्ने माग राख्दै केही समय मतदान नै रोके ! ३६ सांसद आफूहरू 'कोइराला-थापा' कित्तामा रहेको भनेर सिंहदरबार परिसरमा फोटो खिचाए तर संसदीय दलमा 'देउवाबाट चलेन' भनेर देउवासँग चुनाव लड्न तयार भएका थापाले जम्मा २५ मत प्राप्त गरे ! यिनै पाँच वटा विषयको सेरोफेरोमा कांग्रेसको राजनीति घुमिनै रहेको छ ।

७०-८० वर्षदेखिको चरित्रमा तत्काल परिवर्तन ल्याउन सम्भव नहुने भएकाले मूलधारका दलका नेताहरू आफू मात्र सकिने कि, आफूसँगै दललाई पनि सिध्याउने भन्ने स्थिति टड्कारो छ । तथापि, कांग्रेस लगायत परम्परागत दलहरू सच्चिएको सन्देश दिने नै हो र, दलहरू साँच्चिकै सच्चिन तयार छन् भने उनीहरू सामु एउटै विकल्प छ, त्यो हो दलको 'रिफर्म' ।

रिफर्म कसरी भन्ने विषय उठ्न सक्छ । यसका लागि पहिलो, कांग्रेस, एमाले, माओवादी, मधेशवादी, समाजवादी आदि सबै दलले आ-आफ्नो दलभित्र आग्रहरहित ढंगले पार्टीको विशेष महाधिवेशन आह्वान गरी 'विचार र उमेर' दुवैले सत्तरी नाघेका नेताहरू अभिभावक बन्न तयार हुँदै विचार र उमेर दुवैले युवा मानिएकाबाट स्वस्थ प्रतिस्पर्धा गराएर नेतृत्व हस्तान्तरण गर्नु उपयुक्त देखिन्छ ।

दोस्रो, तत्कालै संसदीय दलको नेता समेत त्याग गरी जनतामा 'आशा संचार' गर्नका निम्ति युवाहरूमध्येबाट संसदीय दलको नेता चयन गर्न सक्दा जनतामा यी पार्टी देखाउन लायक हुनेछन् । यसका निम्ति फरक विचार बोकेका 'गगन, विश्व र प्रदीप' मात्र नभई देउवाकै पछाडि दौडने नैनसिं महरदेखि राजीव ढुंगानासम्मले पार्टीको भोलिको भविष्यका लागि गम्भीरतापूर्वक सोच्नुपर्ने दिन आएको छ ।

उता केपी शर्मा ओलीसँगै भाषा मिलाएर विपक्षीप्रति कटाक्ष गरेकै भरमा योगेश भट्टराईदेखि गोकुल बास्कोटासम्मको राजनीतिक यात्रा कति जाला ? सोच्ने बेला भट्टराई र बास्कोटाले मात्र नभई केवल हिजोकै माओवादी आन्दोलनको इतिहास भजाएर भोलिको राजनीति टिकाउन नसकिने हेक्का माओवादीका शक्ति बस्नेतदेखि माधव सापकोटासम्मलाई हुनुपर्दछ ।

समग्रमा राजनीतिक दल टिक्ने भनेकै विचारका माध्यमबाट आशाको संचार प्रवाह गर्न सक्दा मात्रै हो । भोलि स्वतन्त्र पार्टीको अस्तित्व के होला हेर्न बाँकी नै छ । तर, आज उसले 'राजनीति सङ्ल्याउने, अर्थतन्त्र उकास्ने' नारा दियो र उक्त नारालाई जनताले पार्टी जन्मेको छोटै अवधिमा अनुमोदन गरिदिए । *(साभार: अनलाइनखबर)*

# एउटै कानुन बनेन संसद्को पहिलो हिउँदे अधिवेशनमा



काठमाडौँ/गत मङ्सिर ४ गते भएको प्रतिनिधि सभा निर्वाचनबाट निर्वाचित सांसदहरूले शपथ लिएर प्रतिनिधि सभा सञ्चालन भएको झन्डै ५ महिना बितिसकेको छ । खास गरी कानुन निर्माण गर्ने अधिवेशनको रूपमा रहेको संसद्को यो हिउँदे अधिवेशनमा २ पटक प्रधानमन्त्रीले संसद्मा विश्वासको मत लिनु सिवाय खासै उपलब्धि भएन ।

प्रतिनिधि सभाको निर्वाचन सम्पन्न भएपश्चात् पुस ७ गते प्रतिनिधि सभामा नवनिर्वाचित सांसदहरूले ज्येष्ठ सदस्य पशुपति शमशेर राणाबाट शपथ लिएका थिए । त्यसपछि एकैचोटी पुस २५ गते प्रतिनिधि सभाको पहिलो बैठक बसेको थियो भने वैशाख १५ गते यो हिउँदे अधिवेशनको अन्तिम बैठक बसेको थियो । संसद्को यो हिउँदे अधिवेशन ११० दिन चालु रह्यो । यो अवधिका २८ दिनमा प्रतिनिधि सभाको २८ पटक बैठक बसी जम्मा ९१ घण्टा ३० मिनेट संसदीय काम कारबाही सञ्चालन भयो । यस्तै गत माघ २७ गते संघीय संसद्को संयुक्त सदनको एउटा बैठक ५० मिनेट सञ्चालन भएको थियो ।

यो अवधिमा प्रतिनिधि सभाले आफ्नो लागि नियमावली बनाउनु बाहेक अरू कुनै पनि कानुन निर्माण गर्न सकेन । प्रतिनिधि सभाको पहिलो हिउँदे अधिवेशनका उपलब्धिका रूपमा सभामुख र उपसभामुखको निर्वाचन, प्रधानमन्त्रीले २ पटक विश्वासको मत लिनु र सभाले आफ्नो कार्य सञ्चालनका लागि नियमावली बनाउनु बाहेक अरू उल्लेखनीय काम गर्न सकेन । संसद्को आकस्मिक समय, शून्य समय र विशेष समयमा सांसदहरूले उठाएका प्रश्नहरूको सरकारले चित्त बुझ्ने गरी जवाफ दिन नसक्दा सांसदहरू असन्तुष्ट रहे ।

**प्रधानमन्त्रीलाई २ पटक विश्वासको मत, सरकारले अझै पाएन पूर्णता**

प्रतिनिधि सभाको पहिलो अधिवेशनमा प्रधानमन्त्री प्रचण्डले २ पटक विश्वासको मत पाएका छन् । गत पुस २६ गते उनले प्रतिनिधि सभाबाट २ तिहाइ सांसदको समर्थन पाएका थिए । विश्वासको मतको प्रस्तावको पक्षमा उनले २६८ मत पाएका थिए ।

यस्तै प्रधानमन्त्रीले दोस्रो पटक गत चैत ६ गतेको प्रतिनिधि सभा बैठकमा विश्वासको मत लिए । उनको पक्षमा १७२ बहुमत सांसदले विश्वासको मत दिएका थिए ।

पहिलो पटक नेकपा एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी, राप्रपा लगायत दलको समर्थनमा प्रधानमन्त्री बनेका प्रचण्डलाई विश्वासको मत दिने क्रममा कांग्रेसले समेत समर्थन गरेको थियो । राष्ट्रपतिको निर्वाचनका क्रममा माओवादीले एमालेको साथ छोडेर कांग्रेसका उम्मेदवारलाई समर्थन गरेपछि एमालेसँगको गठबन्धन भत्किएको थियो । एमाले सरकारबाट बाहिरिएपछि प्रधानमन्त्री प्रचण्डले कांग्रेसलाई सरकारमा सहभागी गराएर मन्त्रीपरिषद् बिस्तार गरेका थिए । प्रधानमन्त्रीले पटक पटक मन्त्रीपरिषद् बिस्तार गरे पनि अझै ४ मन्त्रालयले आफैले सम्हालेका छन् । मन्त्रिपरिषद् गठनले अझै पूर्णता पाउन सकेको छैन । प्रधानमन्त्रीले खानेपानी, वन तथा वातावरण, युवा तथा खेलकुद, स्वास्थ्य तथा जनसंख्या आफैँले राखेका छन् ।

**यी १० विधेयक जसले प्रतिनिधि सभामा प्रवेश मात्र पाए**

हिउँदे अधिवेशनको यो अवधिमा प्रतिनिधि सभामा दर्ता भएका ३ विधेयक सभामा प्रस्तुत मात्र भए त्यसभन्दा अगाडिको चरणमा जान सकेनन् । यस्तै राष्ट्रिय सभाबाट सन्देश सहित प्रतिनिधि सभामा आएका ७ विधेयक पनि अघि बढेनन् । संवैधानिक परिषद् सम्बन्धी विधेयक अघि नबढ्दा सर्वोच्च अदालतमा १४ महिनादेखि खाली रहेको प्रधानन्यायाधीश नियुक्तिको प्रक्रिया अघि बढ्न सकेन । सत्ताघटक दल नेपाली कांग्रेस, माओवादी केन्द्र र प्रमुख प्रतिपक्षी दल एमालेबीच सहमति नजुट्दा यो विधेयकका साथै सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयकपनि अघि बढ्न सकेन ।

संसद् सञ्चालन भएको ४ महिना बित्दा पनि विषयगत संसदीय समिति बन्न नसक्दा प्रतिनिधि सभामा उत्पत्ति भएका विधेयक र राष्ट्रिय सभाबाट सन्देश सहित आएका यी विधेयकहरूमाथि दफावार छलफलको काम अघि बढ्न सकेन ।

हिउँदे अधिवेशनको अन्तिम दिन अर्थात् वैशाख १५ गते संसदीय समिति गठन भएपछि ती विधेयकहरू दफावार छलफलका लागि समितिमा पठाउने निर्णय भएको छ । प्रतिनिधि सभामा उत्पत्ति भएको सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९, संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९ र बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक, २०७९ लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाउने काम भएको छ ।

यस्तै राष्ट्रिय सभामा उत्पत्ति भई प्रतिनिधि सभामा सन्देश सहित आएको अनुगमन तथा मूल्याङ्कन विधेयक, अभिलेख संरक्षण (पहिलो संशोधन) विधेयक, खाद्य स्वच्छता तथा गुणस्तर विधेयक, सार्वजनिक सेवा प्रसारण विधेयक, सुरक्षण मुद्रण सम्बन्धी विधेयक, अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) विधेयक लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाउने निर्णय भएको छ । भ्रष्टाचार निवारण (पहिलो संशोधन) विधेयक माथि सभामा सैद्धान्तिक छलफल भएको छ ।

**सांसद बोलिरहे, सरकारले सुनिरह्यो**

संसद्को यो हिउँदे अधिवेशनमा प्रतिनिधि सभाको बैठक शून्य समय र विशेष समयमा सांसदहरूले बोल्ने कुरामा बढी केन्द्रित रह्यो । सांसदहरूले विभिन्न प्रकारका स्थानीय, क्षेत्रीय, राष्ट्रिय स्तर का समस्याहरू सदनमा प्रस्तुत गर्दै सरकारलाई ध्यानाकर्षण गराए तर सरकार संसद्प्रति पूर्ण रूपमा जवाफदेही हुन सकेन । सांसदहरूले आफूले ध्यानाकर्षण गराएका विषयमा प्रधानमन्त्री, मन्त्रीले जवाफ दिनुपर्नेमा जोड गराए पनि मन्त्री र सांसदहरूको प्रश्नोत्तर कार्यक्रम औपचारिकतामै सीमित हुन पुग्यो । खास गरी राष्ट्रिय स्वतन्त्र पार्टीका सांसदहरूले संसद्मा सांसदहरूले उठाएका प्रश्नहरूको सरकार पक्षबाट जवाफ खोजिरहे तर सरकारले संसद्मा पर्याप्त समय दिएन ।

यद्यपि यो अवधिमा उपप्रधानमन्त्री तथा गृह मन्त्री नारायणकाजी श्रेष्ठले सांसदले सोधेका प्रश्नको जवाफ दिँदै मिटरब्याजी सम्बन्धी समस्या समाधानमा सरकार गम्भीर एवं प्रतिवद्ध रहेको, अराजक र गैर संवैधानिक गतिविधिलाई सरकारले छुट नदिने, नागरिकता समस्या समाधान गर्ने सम्बन्धमा १ पटक संसद्मा सम्बोधन गरेका थिए ।

यस्तै संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किरातीले यति एयरलाइन्सको विमान दुर्घटनाबारे, सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माले सरकारको न्यूनतम साझा कार्यक्रमबारे र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री अमनलाल मोदीले निजामती सेवा विधेयक एवं स्थानीय तहको कर्मचारी व्यवस्थापन लगायतका सार्वजनिक महत्वको विषयमा सांसदहरूको प्रश्नको जवाफ दिएका थिए ।

साथै भौतिक पूर्वाधार तथा यातायात मन्त्री प्रकाश ज्वाला र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री रञ्जिता श्रेष्ठले संसद्मा आफ्नो क्षेत्रभित्र उठेका प्रश्नहरूको जवाफ दिएका थिए ।

तर हिउँदे अधिवेशनको यो अवधिमा प्रतिनिधि सभा नियमावलीले व्यवस्था गरे अनुसार प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तरको कार्यक्रम सञ्चालन हुन सकेन । प्रतिनिधि सभा नियमावली २०७९ को नियम ५६ मा प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तरको व्यवस्था गरिएको छ । सदनमा प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तरको त कुरै छाडौं उनको उपस्थिति नै निकै कम भएपछि एमाले सांसद रघुजी पन्तले त एक बैठकमा प्रधानमन्त्री हराएको सूचना नै वाचन गरेका थिए ।

**सांसद भन्छन् : पहिलो हिउँदे अधिवेशन उत्साहजनक रहेन**

प्रतिनिधि सभाको पहिलो अधिवेशन खासै उत्साहजनक नरहेको सांसदहरूले बताएका छन् । राष्ट्रिय स्वतन्त्र पार्टीका संसदीय दलका प्रमुख सचेतक सन्तोष परियार संसद्को यो हिउँदे अधिवेशनबाट धेरै कानुनहरू बनाउनुपर्ने अवस्था रहेको र त्यसमा धेरै आशावादी रहे पनि काम हुन नसकेको बताए । उनले भने-'यो संसद् पनि एकदमै कोरा प्राविधिक रूपमा टुङ्गियो । मुख्य रूपमा ठुला राजनीतिक पार्टीहरू बीच आपसी राजनीतिक खिचातानी, सत्ताको बारेमा उहाँहरूको मोलमोलाइ यो कारणले गर्दा धेरै कामहरू गर्न सकिएन । संवैधानिक परिषद् सम्बन्धी महत्वपूर्ण विधेयकमा काम हुन सकेन, सङ्क्रमणकालीन न्यायको विषयमा काम गर्न सकेको छैन । नागरिकता विधेयक प्रस्तुत समेत भएको छैन । हामी र हाम्रो पार्टी चाँडो चाँडो विधेयक बनाउने र राज्यले गर्ने सेवा प्रवाहमा सहयोग गर्न सक्छौँ भनेर हामी आएका थियौँ । यो अधिवेशन पनि विगतको अधिवेशन भन्दा फरक रहेन ।'

उनले यो अधिवेशन टुङ्गिने बेलामा बल्ल तल्ल विषयगत समिति बनेकोले केही आशावादी रहेको बताए ।

उनले भने-'यो समिति अलि अगाडि नै बनाउनुपर्छ भनेर हाम्रो एकदमै प्रयास थियो । कार्यव्यवस्था परामर्श समितिमा पनि मैले त्यो कुरा गरेको थिएँ । विशेष गरी कांग्रेस, एमाले र माओवादीले राजनीतिक मोलमोलाइ नमिलेसम्म विषयगत समितिका लागि सदस्यहरूको नाम नै दिएनन् । तैपनि सभामुखको जोडबलमा अन्तिम समयमा विषयगत समिति गठन भएको छ । यो बाहेक संसद्को यो अधिवेशनले आशालाग्दो अरू केही काम गरेन ।'

यता नेपाली कांग्रेसका सांसद तेजुलाल चौधरीले हिउँदे अधिवेशनमा कानुन बन्न नसकेको बताउँदै संघीय निजामती ऐनको विधेयक अहिलेसम्म संसद्मा प्रवेश पाउन नसक्नु दु:खद रहेको बताए । यस्तै नागरिकता सम्बन्धी विधेयक पनि अघि बढ्न नसक्दा बाबुआमाले नागरिकता पाउने तर उसका छोराछोरीले नागरिकता पाउन नसक्नेहरूलाई सम्बोधन हुन नसकेको बताए ।

एकीकृत समाजवादीका सांसद किसान श्रेष्ठ संसद्को पहिलो अधिवेशन नाम मात्रको रहेको बताउँछन् ।

श्रेष्ठ भन्छन्-'चुनाव जितेर आइयो, पुस १० गते एउटा गठबन्धनको सरकार बन्यो, त्यसको २ महिनापछि फेरी अर्को गठबन्धन बन्यो । लाजमर्दो भनौँ न अहिलेसम्म सरकारले पूर्णता पाउन सकेको अवस्था छैन । यो जनता निराश हुने कुरा हो । संसद्मा विरोधका लागि विरोध गर्न भएन । सत्तापक्षमा हुँदा त्यही कुरा ठिक हुने विपक्षमा हुने त्यही कुरा बेठीक हुने प्रवृत्ति ठिक भएन । राष्ट्रलाई चाहिने कानुन बनाउन राष्ट्रको आवश्यकताका आधारमा बनाउनुपर्छ । अहिले द्वन्द्वकालीन घटनाबारेको कानुनलाई नै हेर्नुस् न, वर्षौंदेखि सङ्क्रमणकालीन न्यायको विषयलाई पार लगाउन सकिएको छैन, यो त गम्भीर कुरा हो नि ।'

राष्ट्रको लागि आवश्यक पर्ने कानुन बनाउने कुरामा सत्तापक्ष र प्रतिपक्षी दल एक ठाउँमा भएर संसद् सञ्चालनको वातावरण सौहार्द हुन नसक्नु दु:खद रहेको श्रेष्ठ बताउँछन् ।

*(स्रोत: अनलाइनखबर)*

# मकवानपुर क्याम्पस र नारायणीका विद्यार्थीको विदाई

साझाकुरा संवाददाता

हेटौंडा, १६ वैशाख/ जिल्लाका दुई ठूला शैक्षिक संस्थाहरुले विद्यार्थीको विदाई र स्वागत गरेका छन् । मकवानपुर बहुमुखी क्याम्पस र नारायणी कलेजले विद्यार्थीहरुको विदाई गर्दै नयाँलाई स्वागत गरेका छन् ।

मकवानपुर बहुमुखी क्याम्पसमा बीए, बीबीएम कार्यक्रमका लागि नयाँ विद्यार्थीको स्वागत गरिएको छ । यस कार्यक्रमअन्तर्गत् अन्तिम ब्याचमा पढाइ सकेका विद्यार्थीहरुको शनिबार विदाई गरिएको हो । विद्यार्थीहरुलाई क्याम्पसले अभिमुखीकरण मार्फत् शैक्षिक योजनाको जानकारी दिएको छ । कार्यक्रमको मकवानपुर क्याम्पस सञ्चालक समितिका अध्यक्ष अनन्त पौडेलले उद्घाटन् गरे ।

कार्यक्रममा क्याम्पसका निवर्तमान अध्यक्ष तथा पूर्वमुख्यमन्त्री डोरमणि पौडेल, क्याम्पस सञ्चालक समितिका सदस्यहरु प्रेमबहादुर पुलामी, गुणराज न्यौपाने, बद्रीप्रसाद लम्साल, बिष्णुप्रसाद दाहाल, राजीव सुवेदी, रामचन्द्र अर्याल माइकल, लेखा समिति अध्यक्ष हरि हुमागाईलगायतको आतिथ्यता थियो । कार्यक्रममा बीए, बीबीएमको अन्तिम ब्याचका उत्कृष्ट भएका विद्यार्थी तथा अभिभावकहरुलाई सम्मान गरिएको छ । कार्यक्रमको अवसरमा नृत्य तथा गायन प्रस्तुत गरेका थिए ।

यसैगरी, हेटौंडा-१० स्थित नारायणी कलेज (तुलसीमेहर मेमोरियल सेकेण्डरी स्कुल)ले कक्षा-१२ र बीबीएस चौथो वर्षका विद्यार्थीको विदाई तथा फेरि भेटौंला कार्यक्रम गरेको छ । कार्यक्रमको अवसरमा विद्यार्थीहरुले नृत्य, कविता तथा गायन प्रस्तुति दिएका थिए । नारायणी कलेजका प्रिन्सिपल रघुनाथ खरालको सभाध्यक्षता तथा राष्ट्रिय परीक्षा बोर्ड हेटौंडाका प्रमुख कृष्णप्रसाद घिमिरेको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा प्याब्सन बागमती प्रदेश अध्यक्ष केशवलाल श्रेष्ठ, शिक्षकहरु कृष्ण लामिछाने, कमल नेपाल, जयराम कार्कीलगायतको आतिथ्यता थियो ।

# ल्यायम्ह पूच:को हातमा एम्बुलेन्सको साँचो

साझाकुरा संवाददाता

हेटौंडा, १६ वैशाख/ जिल्लाको उत्तरी क्षेत्रस्थित थाहा नगर पालिकामा नि:शुल्क एम्बुलेन्स सेवाको जिम्मेवारी ल्यायाम्ह पूच: मकवानपुर शाखाले लिएको छ ।

यसअघि ओखर बजार नि:शुल्क एम्बुलेन्स सञ्चालन तदर्थ समितिले चलाउँदै आएको एम्बुलेन्स अब ल्यायाम्ह पूच: मकवानपुर शाखाको हातमा आइपुगेको हो । शनिबार ओखरबजारमा भएको एम्बुलेन्स परिषद् भेलामा तदर्थ समिति संयोजक सुरेन्द्रमान प्रधानले दीर्घकालीन रुपले एम्बुलेन्स सञ्चालनका लागि ल्यायाम्ह पूच:लाई स्वामित्व हस्तान्तरण गर्न गरेको प्रस्तावलाई सर्वसम्मत समर्थन गरेको जानकारी दिए । तदर्थ समितिको तर्फबाट अध्यक्ष प्रधानले हालसम्मको आम्दानी र खर्चसमेत सार्वजनिक गरेका थिए । उनले एम्बुलेन्स खरिद तथा सञ्चालनका लागि हालसम्म प्रशासनिक खर्च सबैले व्यक्तिगत रुपले गरेको बताउँदै एम्बुलेन्स खरिदका लागि सहयोग गर्ने दाताहरुलाई धन्यवाद दिए ।

भेलाको निर्णयपछि तत्काल तदर्थ समिति र ल्यायाम्ह पूच: बीच लिखित सम्झौता हुने ल्यायाम्ह पूच:का केन्द्रीय कोषाध्यक्ष जर्म श्रेष्ठले जानकारी दिएका छन् । नि:शुल्क ओखर बजार एम्बुलेन्स सञ्चालन समितिले २७ जेठ २०७८ देखि हालसम्म गरिब, असहाय तथा खरिद योजनामा प्रत्यक्ष सहभागी दाताका परिवारलाई नि:शुल्क र अन्यलाई थाहा नगरमा प्रचलित भाडादरमा एम्बुलेन्स सेवा प्रदान गर्दै आएको थियो ।

# 'विकासमा टोल विकासको भूमिका महत्वपूर्ण'

साझाकुरा संवाददाता

हेटौंडा, १६ वैशाख/ हेटौंडा उपमहानगरको विकासमा टोल विकास संस्थाहरुको भूमिका महत्वपूर्ण हुने वडा नम्बर ४ का अध्यक्ष नविन सिग्देलले बताएका छन् ।




हेटौंडा-४, स्थित पृथ्वीपथ टोल विकास संस्थाको साधारणसभालाई सम्बोधन गर्दै वडा अध्यक्ष सिग्देलले राजनीतिक संकिर्णता भन्दामाथि उठेर विकासलाई बुझ्नुपर्ने र यसको वास्तविक प्रतिनिधित्व टोल विकास संस्थाले गर्न सक्ने बताए । सामाजिक अभियानमा जोड दिनुपर्ने बताउँदै टोल विकास संस्थाको परिचालनद्वारा जनतालाई सशक्तिकरण गर्न सकिने र विकासमा जनसहभागिता गराउन मद्दत गर्ने उनले बताए ।

जनताको सचेतना तथा सशक्तिकरणबिना विकास दीगो र प्रभावकारी हुन नसक्ने भन्दै उनले टोल विकास संस्था सशक्त हुनुपर्नेमा जोड दिए । पृथ्वीपथ टोविस अध्यक्ष चन्द्राकान्त श्रेष्ठको सभाध्यक्षतामा भएको साधारणसभामा टोल विकास संस्था नगर समन्वय समितिका महासचिव शिवहरि दाहाल, उपाध्यक्ष शान्ति श्रेष्ठ, ४ नम्बर वडा ईन्चार्ज उर्मिला रानाको उपस्थिति थियो ।

# निरु हत्या प्रकरणमा संलग्न भएको आरोपमा एक जना पक्राउ

काठमाडौं/कपनको सरस्वतीनगरीस्थित निरु किचनकी सञ्चालक निरा पाण्डे आचार्य (निरु) को हत्यामा संलग्न रहेको आशंकामा एक जना पक्राउ परेका छन् । प्रकरणको अनुसन्धानका लागि गठित छानबिन समितिले झापाबाट विनोद विकलाई पक्राउ गरेको समिति उच्च स्रोतले अनलाइनखबरलाई बतायो ।

एआईजी किरण बज्राचार्यको नेतृत्वमा गठित समितिका एक उच्च अधिकृतले अनुसन्धानले सकरात्मक मोड लिएको बताउँदै थप विवरण केही समयपछि सार्वजनिक गर्ने जनाए ।

७ वैशाखमा पसलमा दिनदहाडै छुरा प्रहार गरेर पाण्डेको हत्या भएको थियो । प्रहरी प्रभाग, कपनको टोली घटनास्थलमा पुग्ने वित्तिकै त्रिवि शिक्षण अस्पताल लगिएको थियो । तर, चिकित्सकहरुले मृत घोषित गरेका थिए । पोष्टमार्टममा संलग्न चिकित्सकहरुका अनुसार निराको शरीरमा कम्तिमा १९ पटक छुरा प्रहार गरिएको थियो ।

हत्या भएको एक साताभन्दा बढी समय भइसक्दा पनि आरोपी पक्राउ पर्न नसकेको भन्दै प्रशासन विरुद्ध आन्दोलन भइरहेको थियो । त्यहीबीच प्रहरीले शनिबार राति झापाबाट एक जना व्यक्तिलाई नियन्त्रणमा लिएको हो । पाण्डे झण्डै १० वर्षदेखि 'निरु किचन' चलाउँदै आएकी थिइन् । व्यवसाय राम्रो हुँदै गएपछि करिब तीन वर्षअघि उनी र श्रीमान् योगेन्द्र आचार्यले अर्को पसल पनि खोलेका थिए । अर्को पसल एक सय मिटरको दूरीमा थियो ।

# जनकपुरधाममा भानुभक्तको सालिक निर्माण गर्ने विषयमा विवाद

जनकपुरधाम/जनकपुर धामको भानुचोकमा भानुभक्तको सालिक निर्माण गर्न लागिएको विरोधमा दुई पक्षबीच विवाद देखिएको छ । जनकपुरधाम उपमहानगरपालिकाद्वारा भानुचोकमा सालिक निर्माण गर्न लाग्दा मधेस केन्द्रित दलका युवाहरूले संयुक्त रूपमा विरोध प्रदर्शन गरेका हुन् ।

लोसपा, जसपा र जनमत पार्टीका युवाहरूले मधेस आन्दोलनको मर्मविपरित भानुभक्तको सालिक निर्माण गर्न लागिएको आरोप लगाएका छन् । उनीहरूले सालिक निर्माणको विरोधमा शुक्रबार साँझ जनकपुर धाममा चक्का जामसहित सडकमा टायर बालेर प्रदर्शन गरेका थिए । त्यस्तै शनिबार पनि साँझ विरोध प्रदर्शन गर्नुको साथै जनकपुरधाम उपमहानगरपालिकाको मेयरको पुत्ला दहन गर्ने उनीहरूको कार्यक्रम रहेको थियो ।

रमेश महतो चोकलाई विस्थापित गरेर पुन: भानुचोक निर्माण गरिनु मधेस आन्दोलनको अपमान गरेको भन्दै उनीहरू आन्दोलित भएका छन् । युवाहरूले मेयरलाई शुक्रबार नै भानुचोकमा निर्माण गर्न लागिएको भानुभक्तको सालिकको निर्माण कार्य रोकेर रमेश महतोको नाममा सालिक निर्माण प्रक्रिया अगाडी बढाउन माग गरेका छन् ।

युवाहरूले विरोध गरिरहँदा पनि मेयरले निर्धारित समय बिहान भानु चोकमा भानुभक्तको सालिक निर्माणको लागि शिलान्यास गरेका छन् । निर्माण कार्य अगाडी बढाउन मेयरले भोलि सर्वदलीय बैठकको आव्हान गरेका छन् ।

साबिकमा उक्त चोकमा आदिकवि भानुभक्त आचार्यको सालिक राखी भानु चोक नामकरण गरिएको थियो । तर मधेस आन्दोलनको बेला आक्रोशित आन्दोलनकारीहरूले उक्त सालिक भत्काएका थिए । आन्दोलनकारीहरूले उक्त सालिक भत्काएर मधेस आन्दोलनको प्रथम शहिद रमेश महतोको सालिक राखी रमेश महतो चोक नामकरण राख्ने उद्घोष गरेका थिए ।

यता मेयर मनोज कुमार साहले उपमहानगरपालिका र बृहत्तर जनकपुर विकास परिषद् जनकपुर धाममको सर्वदलीय बैठकबाट पारित भई निर्माण हुन लागेको भानुभक्तको सालिक निर्माणमा राजनीतिकरण गरिएको आरोप लगाएका छन् । मेयर साह भन्छन्, 'पालिकाको बैठकबाट सबै दलको सहमतिबाट बजेट छुट्याएर बन्न लागेको सालिकमा राजनीतिकरण गरिएको छ । उनले सर्वदलीय बैठकमा जसपाका नगर अध्यक्ष विष्णुदेव साह, लोसपाका मनोज चौधरी, काँग्रेसका प्रफुल्लराज घिमिरे, उद्योग वाणिज्य संघको प्रतिनिधि लगायतका व्यक्तिहरूको उपस्थितिमा यो निर्णय सर्वसम्मतबाट भएको थियो ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

"तपाई हामी सबैको कुरा"

साझाकुरा

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा राष्ट्रिय दैनिक



वेबसाइटमा संसारभरबाट पढ्न सकिन्छ।
www.sajhakuranews.com

# पञ्चवर्षीय विराट महायज्ञको तयारी तीव्र

साझाकुरा संवाददाता

हेटौंडा, १६ वैशाख/ हेटौंडामा पाँच वर्षपछि नयाँ वर्ष पञ्चवर्षीय विराट ज्ञान महायज्ञ-२०८० को तयारी तीव्र पारिएको छ ।

प्रत्येक पाँच वर्षमा आयोजना हुँदै आएको महायज्ञ वैशाख २० गतेदेखि सुरु हुँदैछ । हेटौंडा-१० गोरक्षेश्वर क्षेत्र विकास समिति प्राङ्गणमा शनिबार पत्रकार सम्मेलन गर्दै नयाँ वर्ष शुभकामना पञ्च वर्षीय विराट महायज्ञ अन्तर्गत् २०८० श्री गोरक्षेश्वर क्षेत्र विकास समितिका संरक्षक अजेयराज सुमार्गीले महायज्ञको तयारी अन्तिम चरणमा पुगेको जानकारी दिए । २०६० देखि सुरु महायज्ञ २०६५, २०७०, २०७५ हुँदै पाँचौं संस्करण आयोजना हुन लागेको हो । यसअघि १ वैशाख २०८० बाट महायज्ञ गर्ने तयारी रहेकोमा बृहष्पति अस्थ भएका कारण मिति धकेलिएको सुमार्गीले जानकारी दिए ।



महायज्ञ अनन्तश्रीविभुषित स्वामी कमलनयनाचार्यको प्रमुख संरक्षकत्व र वैदिक दर्शनका व्याख्याता अग्निहोत्री डा. सीताराम खनालको अभिभावकत्वमा सञ्चालन हुनेछ । महायज्ञमा करपात्री स्वामी कृष्ण प्रपन्नाचार्यबाट भक्तिसंगीतमय श्रीमद्भागवत कथा प्रवचन हुने जनाएको छ । महायज्ञमा विभिन्न धर्म संस्कृतिका आचार्य गुरु, सामाजिक व्यक्तित्व, एनआरएनसँग सम्बन्धित राष्ट्रिय/अन्तर्राष्ट्रिय व्यक्तित्व, समाजसेवी, बुद्धिजीवी, प्राध्यापक, शिक्षक, उद्योगपति, व्यवसायीलगायत नेपालका अन्य जिल्लाबाट समेत विशिष्ट व्यक्तिहरुको सामुहिक उपस्थिति रहने समितिका अध्यक्ष सुमार्गीले बताए । सुमार्गीले पछिल्लो चरणमा धर्म संस्कृति र परम्परा लोपोन्मुख भएको हुँदा त्यसलाई जोगाउन महायज्ञले महत्वपूर्ण भूमिका खेल्ने बताए ।

उनले यस महायज्ञमा लिने भन्दा पनि दिने महायज्ञ भएको हुँदा सबैले आ-आफूले खुला मनले महायज्ञमा सहभागी हुन आग्रह गरे । सुमार्गीले हाल देशको व्यावसायिक अवस्था र अर्थतन्त्रमा परेको प्रभावको तल्लो तहसम्म परेको प्रभावले महायज्ञ सफल बनाउन चुनौती पनि भएको भन्दै चुनौतीको सामना गर्न पनि आफू तयार भएको बताए । महायज्ञमा आउने सबै जनालाई दक्षिणासमेत दिने उनले बताएका छन् । सुमार्गीको अध्यक्षतामा पाँचसय ५१ सदस्यीय नयाँ वर्ष शुभकामना विराट ज्ञान महायज्ञ-२०८० मूल आयोजक समिति गठन गरेर काम भइरहेको हो ।

हेटौंडा-१० गोरक्षेश्वर क्षेत्र विकास समिति परिसरमा २६ वैशाखसम्म हुने महायज्ञअन्तर्गत् वैशाख २० गते बिहान ७ बजे शंख, घण्ट, खैजडी भजन, डाण्गिया नृत्य, झाँकीसहित अभूतपूर्व अलौकिक शान्तिशोभा कलशयात्रा, १० बजे समुद्घाटन, १२ बजे सामुहिक भोजन, १ बजेदेखि ४ बजेसम्म भक्ति संगीतमय भागवत कथा प्रवचन, ४ बजेदेखि ५ बजेसम्म वैदिक प्रवचन, महाआरती र भजन कीर्तन हुने आयोजकले जानकारी दिएको छ । महायज्ञको अन्तिम दिन २६ वैशाखमा बिहान ७ बजेबाट कथावाचन, ११ बजे तिलार्चना, पूर्णाहूति, समापन कार्यक्रम, पुरस्कार वितरण सामुहिक भोजनसहित विदाई कार्यक्रम हुने आयोजक समितिका महासचिव हयग्रीव आचार्यले जानकारी दिए । यसवर्ष २५ हजार नारीहरुलाई एकै प्रकारको साडी वितरण गरेर कलशयात्रा गरिने जनाइएको छ ।

# सरिखेतमा सीता र त्रिजटाको मूर्ति शिलान्यास

साझाकुरा संवाददाता

हेटौंडा, १६ वैशाख/ जिल्लाको राक्सिराङ गाउँपालिका-३, सरिखेतमा सीता जयन्तीको अवसर पारेर शनिबार सीता र त्रिजटाको मूर्ति शिलान्यास गरिएको छ ।

डिभिजन वन कार्यालय राप्ती मनहरीका डिभिजन वन अधिकृत बिष्णुप्रसाद आचार्यले वैद्धिक विधिअनुसार भूमि पूजा गरेर सीता र त्रिजटाको मूर्ति शिलान्यास गरेका हुन् । पौराणिक धार्मिक कथन अनुसार नेपालकी छोरी सीता मातालाई हरेर लंका पुऱ्याएपछि उनको सुरक्षामा खटिएकी त्रिजटाको मूर्ति स्थापना गर्न लागिएको हो । मकवानपुरको राक्सिराङ-३ सरिखेतमा एकै स्थानमा एकसय वर्षदेखि ३० वटा भन्दा बढी अशोकका रुख रहेको स्थानमा भूमि पुजन गरेर मूर्तिको शिलान्यास गरिएको हो ।

सीता-अशोकको संरक्षण एवम् महत्वलाई दर्शाउन सम्वत् नेपालमै पहिलो पटक माता सीता र त्रिजटाको मूर्ति निर्माण गर्न लागिएको हो । डिभिजन वन कार्यालय राप्ती मनहरीका डिभिजन वन अधिकृत आचार्यकाको सक्रियतामा मूर्तिकार हर्क लामाले ३ फिटको मूर्ति निर्माण गर्न लागेका हुन । करिब डेढ महिनाभित्र निर्माण कार्य सकिनेगरी काम भइरहेको डिभिजन प्रमुख आचार्यले जानकारी दिए । सरिखेतलाई सीता-अशोक बाटिका बनाउने तयारी गरिएको छ ।

जैविक विविधता संरक्षण अर्न्तगत् सीता-अशोकको रुखबाट बिऊ संकलन गरी यहाँ बिऊ केन्द्र बनाउने तयारी गरिएको डिभिजन वन कार्यालय राप्ती मनहरीका डिभिजन वन अधिकृत बिष्णुप्रसाद आचार्यले जानकारी दिए । राक्सिराङ सरिखेतलाई वन, वातावरणसंगै आध्यात्मीक, धार्मिक पर्यटनको रुपमा पनि विकास गरिने योजना रहेको छ । हाल यस स्थानमा सीता-अशोकको ३० वटा रुखहरु रहेका छन् । यस क्षेत्रको संरक्षण गर्न यहाँको भ्याङ कालिका सामुदायिक वनले काम गरिरहेको वनका अध्यक्ष केशव भारतीले जानकारी दिए । सीता-अशोकको संरक्षण गर्न पर्खाल निर्माणका लागि डिभिजन वन कार्यालय राप्ती मनहरीबाट अघिल्लो आर्थिक वर्षमा ५ लाख रुपैयाँ र चालु आर्थिक वर्षमा १० लाख रुपैयाँ सहयोग प्राप्त भएको उनले बताए ।

# मगरले जिते हेटौंडा साइकल रन

साझाकुरा संवाददाता

हेटौंडा, १६ वैशाख/ २५ किलोमिटरको हेटौंडा साइकल रन छोटो समयमै पूरा गर्दै पुजन मगरले ५० हजार पुरस्कार जितेका छन् ।




५० जनाभन्दा बढी सहभागी प्रतियोगितामा निर्धारित २५ किलोमिटरको यात्रा ३८ मिनेट १९ दशमलव ३७ सेकेन्डमा पूरा गर्दै मगर विजेता बनेका हुन् । मगरभन्दा अगाडि राजीव ठाकुरले ३७ मिनेट १४ सेकेन्डमा निर्धारित दूरी पार गरेका थिए । तर, उनी मकवानपुर जिल्लाको स्थायी बासिन्दा नरहेको पाइएपछि आयोजकले नियमानुसार मगरलाई विजेता घोषणा गरेको हेटौंडा उपमहानगरपालिका खेलकुद शाखाका अधिकृत बसन्तकुमार सिटौलाले जानकारी दिए । शनिबार बिहान भएको खुल्ला प्रतियोगिता हुप्रचौरबाट सुरु भएर क्याम्पा, चुच्चेखोला, हटिया, कमानेहुँदै पुन: हुप्रचौरमा आएर समापन भएको थियो । मगरले ५० हजार रुपैयाँसहित ट्रफी हात पारे ।

यसैगरी, ३८ मिनेट १९ दशमलव ७७ सेकेन्डमा दूरी पार गरेका आशिष थापामगर द्वितीय भए । ३९ मिनेट ३८ दशमलव २३ सेकेन्डमा निर्धारित दूरी पार गरेका सुमन आलेमगर तृतीय भएका छन् । द्वितीय र तृतीय हुने मगरद्वयले क्रमश: ३० हजार र २० हजार रुपैयाँ प्राप्त गरेका छन् । प्रतियोगितामा सान्त्वना भएका प्रदीप थापाक्षेत्री र निशान श्रेष्ठले १०-१० हजार रुपैयाँ हात पारे ।

नगर खेलकुद विकास समिति अध्यक्ष चन्द्र शाहीको सभाध्यक्षता तथा हेटौंडा उपमहानगरकी प्रमुख मिनाकुमारी लामाको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको थियो । लामासहित हेटौंडा-१ का वडाध्यक्ष तथा उपमहानगरका प्रवक्ता सविन न्यौपाने, ४ नम्बर वडा अध्यक्ष नवीन सिग्देल, १४ नम्बर वडाका वडाध्यक्ष दीपक खड्का, जिल्ला खेलकुद विकास समिति मकवानपुरका अध्यक्ष भेष खड्कीले विजेताहरुलाई पुरस्कार वितरण गरेका थिए ।

नगर प्रमुख लामाले विजेताहरुलाई पुरस्कार प्रदान गर्दै साईकल रनले खेल क्षेत्रलाई टेवा पुग्ने बताइन् । उनले साइकल यात्रा गरेर शरिरलाई पनि स्वस्थ राख्न मद्दत पुग्ने बताइन् । आगामी दिनहरुमा पनि साइकल रन प्रतियोगिता आयोजना गर्न उपमहानगरपालिका लागिपर्ने लामाको भनाइ छ ।

# राष्ट्रिय स्वतन्त्र पार्टी हेटौंडा ११ सभापतिमा सुवेदी



साझाकुरा संवाददाता

हेटौंडा, १६ वैशाख/ राष्ट्रिय स्वतन्त्र पार्टी हेटौंडा ११ नम्बर वडा इकाइ समितिको शनिबार सम्पन्न वडाभेलाले सुवोध सुवेदीलाई सभापति पदमा सर्वसम्मत चयन गरेको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टी मकवानपुरले पहिलो पटक हेटौंडा-११ मा वडा समिति गठन गरेको हो । पार्टी जिल्ला संयोजक भरत पराजुलीको अध्यक्षतामा वडा समिति गठन गरिएको हो । नवनिर्वाचित १३ सदस्यीय नयाँ कार्यसमितिमा उपाध्यक्ष चन्द्र डंगोल, सचिव सन्तोष खत्री, कोषाध्यक्ष शान्ति थापा बिडारी रहेका छन् । यसैगरी सदस्यहरुमा सतिकला बिक, निरोज सापकोटा, कल्पना श्रेष्ठ, उमा आचार्य, रामकुमार बजगाइँ, रीता शिवाकोटी, प्रेम बहादुर स्याङ्तान, नमराज दाहाल चयन भएको बताइएको छ । नवनिर्वाचित समितिमा ६ जना सल्लाहकारसमेत रहेको अध्यक्ष सुवेदीले बताएका छन् ।

# लेखापढी व्यवसायी शिखरकोट इकाई अध्यक्षमा लामा

साझाकुरा संवाददाता


हेटौंडा, १६ वैशाख/ जिल्लाको उत्तरी क्षेत्रस्थित नेपाल लेखापढी कानुन व्यवसायी एसोसिएसन शिखरकोट इकाई समितिको तेश्रो वार्षिक साधारणसभा तथा दोस्रो अधिवेशन शनिबार भएको छ ।



अधिवेशनले लेखापढी व्यवसायी शिखरकोट इकाई समितिको अध्यक्षमा जियो लामा चयन भएका छन् । लामाको अध्यक्षतामा ७ सदस्यीय नयाँ कार्यसमिति बनेको हो । समितिमा उपाध्यक्ष कृष्ण बलामी, सचिव उपेन्द्र केसी, कोषाध्यक्ष शर्मिला जिम्बा, सहसचिव झरना गोपाली, सदस्यहरुमा भीमबहादुर स्याङ्तान र विश्वास केसी सर्वसम्मत् चयन भएको निर्वाचन अधिकृत प्रकाश थोकरले जानकारी दिए । इकाई अध्यक्ष रामप्रसाद गोपालीको सभाध्यक्षतामा भएको कार्यक्रममा नेपाल लेखापढी कानुन व्यावसायी एसोसिएसनका केन्द्रीय सचिव आत्मराम मोक्तानको प्रमुख आतिथ्यता थियो ।

सचिव मोक्तानले नागरिकलाई सहज र छिटो सेवा दिलाउन लागिरहेको बताए । लेखापढी व्यवसायीहरुले सामाजिक कार्यमा पनि अग्रसर रहेर कार्य गरिरहेको बताउँदै लेखापढी व्यवसायीको हितका लागि अक्षय कोषको स्थापना र पेन्सन योजना पनि अघि सारेको मोक्तानले बताए । साधारणसभा तथा अधिवेशन कार्यक्रममा एसोसिएसनका केन्द्रीय सदस्य तथा बागमती प्रदेश सचिव खिलप्रसाद गौतम, एसोसिएसन प्रदेश सदस्य महालक्ष्मी श्रेष्ठ, एसोसिएसन जिल्ला समन्वय समिति अध्यक्ष पूर्णप्रसाद अर्याल, एसोसिएसन अदालत इकाई अध्यक्ष तेजकुमारी थापा, एसोसिएसनका हेटौंडा इकाई उपाध्यक्ष तेजराज पाण्डे, अदालत इकाइका पूर्वअध्यक्ष राधा पाठक, मालपोत कार्यालय शिखरकोटका प्रतिनिधि रामचन्द्र लामा, जिल्ला समन्वय समिति कोषाध्यक्ष सन्तोषी बर्तौला, सहसचिव सत्रुघन बैठा, अदालत इकाईका कोषाध्यक्ष अमृता बर्तौलालगायतको उपस्थिति थियो ।

हार्दिक बधाई तथा शुभकामना





मकवानपुर घर जग्गा व्यवसायी संघको शनिबार सम्पन्न अधिवेशनबाट हाम्रा आदरणीय दाजुहरु **कृष्णप्रसाद चौलागाई** कोषाध्यक्ष तथा **गणेश भ्लोन** कार्यसमिति सदस्य पदमा सर्वसम्मत् निर्वाचित हुनुभएकोमा हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

प्रकाश कुमार कार्की (संचालक)

**जय गणेश पार्टी प्यालेश**

हेटौंडा ५, अब्बलडाँडा

पुरानो नारायणी यातायात कम्पनी प्रा.लि.द्वारा संचालित बस सेवा

खुसीको खबर ! खुसीको खबर !! खुसीको खबर !!!

यात्रु महानुभावहरूलाई खुसीको खबर !

२०८० बैशाख २ देखि




- हेटौंडाबाट ठिंगन हुँदै काठमाडौं गंगबु बसपार्कसम्म दैनिक बिहान ७ बजे
- गंगबु बसपार्क काठमाडौंबाट हेटौंडासम्म दैनिक बिहान ६:३० बजे
- कलंकीबाट ठिंगन हुँदै हेटौंडासम्म दैनिक बिहान ६:४५ बजे
- काठमाडौं सातदोबाटोबाट हेटौंडासम्म दैनिक बिहान ७ बजे

सम्पर्क:
०५७-५२१९९४, ९८५५०६७६५५, ९८५५०७१६२५, ९८४५०७६७६३

"सुनमा शुद्धता डिजाइनमा आधुनिकता"

आधुनिक सुन चाँदी पसल

हेटौंडा-२, पुरानो मकवानपुर रोड



हामीकहाँ आधुनिक डिजाइनका गर गहना बनाउनुका साथै खरिद बिक्री गरिन्छ ।


प्रो. राजु सेन्चुरी

सम्पर्क नं. : ९८४५५३०५६३, ९८१५२२४३४३

कपडाहरूको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्

कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राई क्लिनका लागि सधैं सम्झनुहोस् ।





कार्पेट तथा शोफाको खोलहरु घरमै गएर धोइन्छ ।

मेरिना ड्राई क्लिनिङ्ग स्पोट

नगरविकास रोड, हेटौंडा-४, हुप्रचौर
(निर्माण व्यवसायी संघको अगाडि)
सम्पर्क नं.: ९८४५१२६११२

सम्पूर्ण ब्राण्डका गाडी

एकै ठाउँमा सम्पूर्ण सेवासहित



- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना